# संघीय संसद
# राष्ट्रिय सभा
## चौथो अधिवेशन
## बैठक - ४०
## सूचना पत्र - २
## (बैठकको कारवाहीको संक्षिप्त विवरण)

**२०७६ भाद्र १२ गते बिहीबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको चालीसौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:०५** बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय" मा बोल्नको लागि माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउनु हुँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई एक मिनेटभित्र आफ्ना भनाइ राख्न समय दिनुभयो :

**मा. उदया शर्मा/पौडेल**ले देशभरमा १५३७ जना डेङ्गु रोगका बिरामी भेटिइसकेका र बिरामीहरू बढिरहेका तर डेङ्गु रोगबाट बचाउने झुल भ्याटमा समस्याको कारण भन्सारमा रोकिएको सुन्नमा आएको बताउनु हुँदै यस रोगको रोकथामका लागि समयमा नै सचेत भई सरकार र सम्बन्धित सरोकारवालाले सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै नेपाल सरकारको छात्रवृत्तिबाट पढ्न गएका डाक्टरहरूलाई समेत परिचालन गर्नुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. खिम कुमार वि.क.** ले नेपाल भ्रमण वर्ष, २०२० संघारमा आएको सन्दर्भमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अगाडि रहेको तीनकुनेको जग्गामा अत्याधुनिक पार्क निर्माण गर्ने बताइएको भए तापनि हालसम्म सो कार्य अगाडि नबढेकोले यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**मा. चक्र प्रसाद स्नेही**ले रवि लामिछानेको विषयमा जम्मा भएको भिडले निजको विषयमा बोल्नुभन्दा पनि "राजा आऊ, देश बचाऊ ! हाम्रो राजा हाम्रो देश, प्राणभन्दा प्यारो छ !" जस्ता नारा घन्काउनुका साथै देशका राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री तथा पार्टीका शीर्ष नेता एवं अध्यक्षलाई अशिष्ट शब्दहरू प्रयोग गरी गालीगलौज गर्ने गरेको बताउनु हुँदै यसतर्फ समयमा नै सचेत हुन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "शून्य समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै "विशेष समय" मा बोल्नका लागि दलीय आधारमा देहायका माननीय सदस्यलाई समय उपलब्ध गराउनुभयो :

**मा. शेर बहादुर कुँवर**ले पटक-पटकको चटचाङले अछाम जिल्लाका जनतालाई भयभित बनाएकोले चटचाङलाई 'न्यूट्रलाइज' गरी वस्तीहरूबाट टाढा फाल्ने टावरहरू निर्माण गर्नुपर्नेमा जोड दिनुहुँदै शिक्षा मन्त्रालयबाट सञ्चालित 'विद्यालय साझेदारी कार्यक्रम' अन्तर्गत बुढानीलकण्ठ स्कूलले सोही स्कूलमा पढ्ने विद्यार्थी र दुर्गम क्षेत्रका विद्यार्थीलाई प्रदान गर्ने छात्रवृत्तिमा विभेद गर्ने गरेकोतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**मा. राधेश्याम अधिकारी**ले 'भिडियो कन्फ्रेन्स' मार्फत् मन्त्रिपरिषद्को बैठक बसेकोमा आपत्ति प्रकट गर्नुहुँदै सरकारले यस्तो गल्ती नदोहोरिने प्रतिबद्धता जनाउनुपर्ने माग गर्नुभयो । त्यसैगरी उहाँले वर्तमानमा समेत दलित समुदायमाथि विभेद र अत्याचार भइरहेकोले उक्त समुदायलाई सीमान्तकृत तहबाट राज्यको मूलधारमा स्वीकार गर्न नसक्नु राजनीतिक तहको कमजोरी भएको बताउनु हुँदै दलितमाथि हुने विभेद र अत्याचार अन्त्य गर्न कानूनलाई कडाइकासाथ लागू गर्नुपर्नेमा जोड दिनुभयो ।

**मा. वृषेश चन्द्र लाल**ले संविधानको अनुसूची-५ को २९ ले भूउपयोग नीति र अनुसूची-७ को २४ ले भूमि नीति सम्बन्धी कानूनी व्यवस्था गर्ने मात्र अधिकार संघलाई दिएको तथा अनुसूची-६ ले भूमि व्यवस्थापन सम्बन्धी राज्यशक्तिको अधिकार प्रदेशलाई दिएकोले यस सम्बन्धी कानूनी व्यवस्था गर्ने अधिकार प्रदेश सभालाई हुने बताउनु हुँदै माननीय मन्त्रीले संघलाई भूमि व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था गर्न बाध्यकारी व्यवस्था भएको अभिव्यक्ति दिनु भएकोले यस सम्बन्धी उहाँले सदन समक्ष स्पष्टीकरण दिनुपर्ने माग गर्नुभयो ।

**मा. नैनकला ओझा**ले सुकुमवासी समस्या देशैभर व्याप्त रहेको बताउनु हुँदै मोरङ जिल्लाको उर्लाबारी, पथरी-शनिश्चरे नगरपालिका, बेलबारी नगरपालिका, काने पोखरी नगरपालिका, लेटाङ, केराबारी लगायतका क्षेत्रका सुकुमवासीहरू विगत चालीस-पैंतालीस वर्षदेखि जोतभोग गर्दै आएका तर लालपूर्जा उनीहरूसँग नभई अर्कैसँग भएकोले उनीहरूले आफ्नो लालपूर्जा अनुसारको जग्गा पाउनुपर्ने माग राखेकोतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी उहाँले मोरङको कोशी अञ्चल अस्पतालमा आवश्यक उपकरणको अभावमा बिरामीहरूले उपचार पाउन नसकेकोतर्फ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. अनिता देवकोटा**ले सिङ्गापुरबाट 'भिडियो कन्फ्रेन्स' मार्फत् मन्त्रिपरिषद्को बैठक सञ्चालन गर्नु शक्ति र पदको दुरुपयोग भएकोतर्फ आशङ्का व्यक्त गर्नुहुँदै शक्तिको आडमा हुने कार्य तत्काल रोक्न माग गर्नुभयो । त्यसैगरी उहाँले दाङ जिल्लास्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार रामप्रसाद प्याकुरेलमाथि कार्यस्थलमा नै सत्तासीन पार्टीकै कार्यकर्ताले हातपात गरेको घटनाको भर्त्सना गर्नुहुँदै उच्छृङ्खल र अराजक गतिविधि गर्नेलाई कानूनी कारबाही गर्नुपर्ने माग गर्नुभयो ।

**मा. रामनारायण बिडारी**ले विदेशमा उपचाररत प्रधानमन्त्रीले 'भिडियो कन्फ्रेन्स' मार्फत् आफ्नो देशको मन्त्रिपरिषद्सँग वार्ता गर्नुलाई नेपालको इतिहासमै सूचना प्रविधिको अग्रगामी प्रयोग भएको भनी गर्व गर्नुपर्ने बताउनु हुँदै कर्मचारी र ठेकेदारको मिलेमितोका कारण देशभरका निर्माण कार्यमा भएको अनियमितता सम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "विशेष समय" मा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) लाई "आ.व. २०७५।७६ को वार्षिक प्रतिवेदन" सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधायन व्यवस्थापन समितिका माननीय सभापति परशुराम मेघी गुरुङलाई "शिक्षा सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०७५" सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम ९९ बमोजिम माननीय राधेश्याम अधिकारी, माननीय सरिता प्रसाईं, माननीय अनिता देवकोटा र माननीय प्रकाश पन्थबाट संयुक्त रूपमा विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि संयुक्त रूपमा विरोधको सूचना दिने माननीय सदस्यहरूको तर्फबाट माननीय राधेश्याम अधिकारीलाई विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिन समय उपलब्ध गराउनुभयो ।

लगत्तै, सम्माननीय अध्यक्षले विधेयक प्रस्तुतकर्ता माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटालाई उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिन अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले संयुक्त रूपमा विरोधको सूचना दिने माननीय सदस्यहरूको तर्फबाट माननीय राधेश्याम अधिकारीलाई आफ्नो विरोधको सूचना फिर्ता लिन चाहेमा फिर्ता लिन समय दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना माननीय राधेश्याम अधिकारीले फिर्ता लिनु भएकोले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १०० को उपनियम (२) बमोजिम "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५" प्रस्तुत गर्न अनुमति प्राप्त भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल प्रसाद बाँस्कोटालाई "नेपाल मिडिया काउन्सिल विधेयक, २०७५" सभा समक्ष प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्मा कुमारी अर्यालको तर्फबाट माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री भानुभक्त ढकाललाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "भूमि सम्बन्धी (आठौं संशोधन) विधेयक, २०७५ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले माननीय वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतलाई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "वातावरण संरक्षण विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा **सर्वसम्मति**ले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक सम्वत् **२०७६ साल भाद्र १३ गते शुक्रबार विहान ११:०० बजे** बस्ने गरी **दिनको २:२० बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)

संघीय संसदको महासचिव